सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र
सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३
बमोजिम

# सार्वजनिक गरिएको विवरण

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

**सिंहदरवार, काठमाडौं**

*मिति: २०८३ श्रावण १५*

# १. परिचय

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एक संवैधानिक निकाय हो। नेपालको संविधानको भाग-२६, धारा २५० र २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी व्यवस्था गरिएको छ। संघीयताको नवीन अभ्यासलाई संस्थागत गर्दै लैजान नेपालको संविधानमा गरिएका विभिन्न व्यवस्थाहरूमध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एक महत्त्वपूर्ण संवैधानिक निकायको रुपमा रहेको छ। यस आयोगले सरकारहरुबीच भएको राज्यशक्तिको बाँडफाँडको प्रभावकारी कार्यान्वयनको आधार निर्माणमा भुमिका निर्वाह गर्ने गर्दछ। खासगरी आयोगले मुलुकमा उपलब्ध प्राकृतिक एवम् वित्तीय स्रोतहरूको संघ, प्रदेश र स्थानीय सरकारबीच न्यायोचित बाँडफाँटको सुनिश्चितता गर्ने गर्दछ। अन्तरसरकारी वित्तीय हस्तान्तरण, प्राकृतिक स्रोतको बाँडफाँट लगायतका विषयमा गहन जिम्मेवारी सहित गठन गरिएको यो आयोग नेपालका लागि एक नवीन किसिमको निकायका रुपमा रहेको छ।

# २. आयोगको काम कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २६ को धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएका छन्ः

१. संविधान र कानून बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

२. संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

३. राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

४. प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

५. संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

६. समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

७. संघ र प्रदेश सरकारको राजस्व बाँडफाँडका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

८. प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

९. प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने,

१०. प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ बमोजिम आयोगलाई देहायबमोजिमका काम, कर्तव्य र अधिकार तोकिएका छन्:

१. प्रदेश कानुन बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने,

२. प्रदेश कानुन बमोजिम प्रदशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

३. नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधन गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

४. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

५. नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

६. नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,


७. प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट गर्दा आयोगको सिफारिस बमोजिम गर्ने व्यवस्था रहेको छ।

## ३. आयोगमा रहने कर्मचारी संख्या

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्ष तथा सदस्यहरू रहने र आयोगको कार्य सञ्चालनका लागि स्थापना गरिएको कार्यालयमा सचिव र अन्य कर्मचारीहरू रहने व्यवस्था भएको छ। आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट आयोगको कार्यक्षेत्र हेरी यसको कार्यालयमा विभिन्न तीनवटा महाशाखा र ती अन्तर्गत सम्बन्धित शाखाहरु रहेका छन्। आयोगको कार्यक्षेत्र विशिष्ट प्रकृतिको भएको हुनाले सामान्य प्रशासन, राजस्व, इन्जिनियरिङ्ग, तथ्याङ्क, विविध सेवा लगायतका विभिन्न सेवा समूहका जनशक्ति आयोगमा रहने व्यवस्था छ। आयोगको स्वीकृत संगठन संरचना र सो अनुसारको कर्मचारी विवरण देहायानुसार रहेको छ।

## आयोगको सङ्गठन संरचनाः



आयोगको कर्मचारी विवरणः

| क्र.सं. | पद | श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति अवस्था | रिक्त |
|---|---|---|---|---|---|
| १. | **सचिव** | **विशिष्ट** | **१** | **१** | **०** |
| २. | **सहसचिव** | **रा. प. प्रथम** | **३** | **३** | **०** |
| ३. | **उपसचिव(प्रा.)** | **रा.प.द्वितीय प्राविधिक** | **५** | **४** | **२** |
| | सि.डि.ई (हाइड्रोपावर) | | १ | १ | ० |
| | सि.डि.जि.(जियोलोजी) | | १ | ० | १ |
| | वन अधिकृत | | १ | ० | १ |
| | वरिष्ठ अर्थशास्त्री | | १ | १ | ० |
| | बरिष्ठ तथ्याङ्क अधिकृत | | १ | १ | ० |
| ४. | **उपसचिव** | **रा.प.द्वितीय अप्राविधिक** | **७** | **७** | **०** |
| | सामान्य प्रशासन | | ४ | ४ | ० |
| | राजस्व | | २ | १ | १ |
| | कानून | | १ | १ | ० |
| ५. | **शाखा अधिकृत(प्रा.)** | **रा.प. तृतीय प्राविधिक** | **७** | **३** | **४** |
| | ईन्जिनियर(हाइड्रोपावर) | | १ | ० | १ |
| | सहायक वन अधिकृत | | १ | ० | १ |
| | तथ्याङ्क अधिकृत | | १ | १ | ० |
| | ईन्जिनियर(जियोलोजी) | | १ | १ (काजमा खटिइएको) | ० |
| | कम्प्युटर इन्जिनियर | | १ | १ | ० |
| | वातावरणविद | | १ | ० | १ |
| | समाजशास्त्री | | १ | ० | १ |
| ६. | **शाखा अधिकृत** | **रा.प. तृतीय अप्राविधिक** | **१३** | **१२** | **१** |
| | सामान्य प्रशासन | | १० | ९ | १ |
| | राजस्व | | २ | २ | ० |
| | लेखा | | १ | १ | ० |
| ७. | **नायव सुब्बा** | **रा.प.अनं.प्रथम** | **१३** | **१३** | **०** |
| | सामान्य प्रशासन | | ७ | ७ | ० |
| | लेखा | | १ | १ | ० |
| | कम्प्युटर अपरेटर | | ५ | ५ | ० |
| ८. | **हलुका सवारी चालक** | | **१२** | **८** | **४** |
| ९. | **कार्यालय सहयोगी** | | **१२** | **११** | **१** |
| | | **जम्मा** | **७३** | **६०** | **१३** |

# ४. कार्य विवरण

यसैगरी माथि उल्लेखित संगठन संरचना अनुसार आयोगमा तीनवटा महाशाखा र १२ वटा शाखाहरु रहेका छन् जसको कार्य विवरण देहायानुसार रहेको छ।

## ४.१. नीति विश्लेषण तथा व्यवस्थापन महाशाखाको कार्यविवरण

- आयोगको वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य।
- आयोगको आन्तरिक प्रशासन, व्यवस्थापन, समन्वय र नियन्त्र सम्बन्धी कार्य।
- आयोगको लागि आवश्यक पर्ने Database Maintainance सम्बन्धी कार्य।
- आयोगले गर्ने बृहद् प्रभाव पार्ने (Macro) खालका अनुसन्धानमुलक परियोजनाहरूको खाका बनाउने(Design, अनुसन्धान गर्ने (Undertake) र त्यसको ब्यवस्थापन(Manage) गर्ने कार्य।
- अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य।
- संघ, प्रदेश र स्थानीय तहको राजस्व बाडँफाडँ र प्राकृतिक स्रोतको बाडँफाडँका लागि आवश्यक पर्ने विभिन्न तथ्याङ्कहरू सङ्कलन गर्ने र व्यवस्थित गर्ने कार्य।
- तथ्याङ्कमा एकरूपता कायम गर्न परीक्षण सम्बन्धी कार्य।
- जुनसुकै समयमा आवश्यक तथ्यांकहरू प्राप्त हुने सुनिश्चितता प्रदान गर्नसोही ढंगले तथ्यांक ब्यवस्थापन गर्ने कार्य।
- मानव स्रोत व्यवस्थापन र समन्वय कार्य।
- आन्तरिक लेखा सम्बन्धी कार्य।
- आयोगको क्षमता विकास सम्बन्धी कार्य।
- आयोगले प्रकाशन गर्नु पर्ने कार्य।
- आयोगले अन्य निकायहरूसँग गर्नु पर्ने समन्वय तथा सम्पर्क गर्ने कार्य।
- नीति,योजना तथा अनुगमन सम्बन्धी कार्य।
- अन्य लजिष्टिक सम्बन्धी कार्यहरू।

### ४.१.१. प्रशासन शाखाको कार्यविवरण

- खरिद एकाईको सचिवालयको रुपमा काम गर्ने
- वार्षिक खरिद योजना तयार गर्ने
- आयोगको वार्षिक कार्य-सम्पादन योजना तयार गर्ने
- आयोगको तलबी प्रतिवेदन पास गर्ने
- आयोग र आयोगमा कार्यरत कर्मचारीबीच कार्य-सम्पादन सम्झौता तयार गर्ने
- प्रशासनिक विषयमा संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयसँगको सम्पर्क विन्दूको रुपमा काम गर्ने
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क विन्दुको रुपमा काम गर्ने

- सूचना आयोगसँग सम्पर्क विन्दुको रुपमा काम गर्ने
- सरुवा भएर जाने कर्मचारीको रमाना पत्र सम्बन्धी कार्य
- जिन्सी व्यवस्थापन र वार्षिक जिन्सी प्रतिवेदन तयार गर्ने
- वैदेशिक मनोनयनको सचिवालयको रुपमा काम गर्ने
- आयोगको संस्थागत क्षमता विकास योजना तयार गर्न र यस्ता कार्यक्रम सञ्चालन गर्ने
- आयोगका दैनिक क्रियाकलाप संचालन गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्ने।
- आयोगको बार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने।
- आयोगको आन्तरिक व्यवस्थापन र नियन्त्रणको प्रबन्ध मिलाउने।
- आयोगमा कार्यरत कर्मचारीहरूको व्यक्तिगत विवरण, विदा, का.स.मू. र हाजिरी व्यवस्थापन गर्ने।
- आयोगका सवारी साधनको व्यवस्थापन तथा मर्मत सम्भार लगायतका कार्य गर्ने।
- आयोगको सरसफाई सम्वन्धी कार्यहरु नियमित रुपमा गर्न आवश्यक व्यवस्था गर्ने।
- मन्त्रालयमा रहेका मेशिनरी औजार तथा सरसामानको व्यवस्थापन मर्मत सम्भार र लिलाम सम्वन्धी कार्य।
- आयोगका सवै शाखाहरुवाट माग हुने सामाग्रीको माग फारम स्वीकृती तथा व्यवस्थापन गर्ने/गराउने।
- आयोगको दर्ता चलानी, हेल्प डेस्क, टेलिफोन, फोटोकपी, इत्यादि सुचारु रुपले सञ्चालन गर्ने, गराउने।
- विभिन्न निकायहरुवाट प्राप्त उजुरी गुनासा र आयोगमा प्राप्त जन गुनासोको व्यवस्थापन गर्ने/गराउने।
- आयोग कम्पाउण्ड तथा वगैचाको नियमित स्याहार,सम्भार तथा सुधारको कार्य।
- आयोगमा दरवन्दीमा रहेका कर्मचारीहरुलाई शाखा पदस्थापन गर्ने र कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।
- कम्प्यूटर/प्रिन्टर/नेटवर्कीङ्ग सम्वन्धी मर्मत/रेखदेख/स्याहार सम्भार गर्न लगाउने।
- आयोगवाट भएका महत्वपूर्ण उपलब्धि तथा प्रकाशनहरू सार्वजनिक गर्ने गराउने।
- आयोगको आर्थिक प्रशासन(विनियोजन) /राजस्व/धरौटीको लेखा/प्रतिवेदन/लेखापरीक्षण सम्बन्धी कार्य सञ्चालन।

### ४.१.२. अनुसन्धान तथा नीति विश्लेषण शाखाको कार्यविवरण

- प्राकृतिक स्रोत लगायत वित्तीय संघीयताको विविध विधामा अनुसन्धान सम्वन्धी कार्यहरु गर्ने
- Macro-econometric forecasting सम्बन्धी कार्यहरु गर्ने
- Macro-economic diagnostic सम्बन्धी कार्यहरु
- विभिन्न निकायबाट नीतिगत राय सुझाव माग गरिएमा सो को अध्ययन गरी राय सुझाव तयार गर्ने
- प्राकृतिक स्रोत लगायतका वित्तीय संघीयता क्षेत्रमा Best practices लाई समेटी Knowledge -Series हरु निकाल्ने
- आयोगका सम्वन्धमा पत्र पत्रिकामा निस्किएका खबरहरु सङ्कलन गरी विश्लेषण गर्ने
- आयोगले गर्ने बृहद प्रभाव पार्ने खालका अनुसन्धानमूलक परियोजनाहरुको खाका बनाउने र अनुसन्धान गर्ने र यसको व्यवस्थापन सम्बन्धी कार्यहरु
- प्रदेश तथा स्थानीय तहको कार्य-सम्पादन सूचक सम्बन्धी कार्यहरु
- प्रदेश तथा स्थानीय तहको Expenditure Needs विश्लेषण सम्बन्धी कार्यहरु
- प्रदेश तथा स्थानीय तहको आर्थिक-सामाजिक असमानताका सूचक सम्बन्धी कार्यहरु
- केन्द्र ,प्रदेश तथा स्थानीय तहको Fiscal Space सम्बन्धी अनुसन्धानहरु
- प्रदेश तथा स्थानीय तहको विनियोजन ऐन तथा आर्थिक ऐनको विश्लेषण सम्बन्धी कार्यहरु
- आयोगले अपनाएका सूत्रहरुको प्रभावकारिता अध्ययन सम्बन्धी कार्यहरु
- केन्द्र ,प्रदेश तथा स्थानीय तहको खर्च जिम्मेवारी सम्बन्धी अनुसन्धामूलक कार्यहरु
- समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण
- आयोगलाई आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन,खोज र अनुसन्धान गर्ने।

## ४.१.३. योजना, अनुगमन तथा कार्यक्रम शाखाको कार्यविवरण

- Medium- Term Expenditure Framework सम्बन्धमा राष्ट्रिय योजना आयोग सम्बन्धी कार्यहरु।
- प्रदेश तथा स्थानीय तहको PIMA Assessment सम्बन्धी कार्य।
- आयोगका कामसँग सम्बन्धित परियोजना दस्तावेज तयार गर्ने कार्य।
- आयोगको वार्षिक प्रतिवेदन सम्वन्धी कार्यहरु।
- आयोगसँग सम्बन्धित काममा वैदेशिक सहायतामा सम्पर्क विन्दुको रुपमा काम गर्ने कार्य।
- योजना ,बजेट कार्यक्रमसँग सम्बन्धित कार्यका लगि अर्थ मन्त्रालय सम्बन्धी कार्यको सम्पर्क विन्दुको कार्य।
- राष्ट्रिय योजना आयोग सम्बन्धी कार्यका लागि सम्पर्क विन्दुका रुपमा कार्य।
- आयोगको योजना कार्यक्रमका कार्यन्वयनका लागि नतिजामूलक वार्षिक कार्य-सम्पादन योजना तयार गर्ने कार्य।
- आयोगबाट सम्पादन भएका कार्यहरुको चौमासिक तथा वार्षिक प्रगति विवरण सम्बन्धी कार्य।

- आयोगबाट भएका कामका सम्बन्धमा चौमासिक तथा वार्षिक समीक्षाको व्यवस्थापन गर्ने र समीक्षा प्रतिवेदनहरु प्रकाशन सम्बन्धी कार्यहरु ।
- विभिन्न निकायबाट आयोगलाई प्राप्त aid-memoire, project document, project concept note सम्बन्धमा राय तथा सुझावको मस्यौदा तयार गर्ने कार्य।
- आयोगसँग सम्बन्धित कार्यमा Sustainable Development Goals को सम्पर्क विन्दुको कार्य।
- Public Expenditure Tracking System सम्बन्धी कार्यहरु ।
- आयोगको Project Bank तयारी सम्बन्धी कार्य।
- Fiscal Reporting सम्बन्धी कार्यहरु ।
- आयोगको परियोजनाहरुको प्रभाव मूल्याङ्कन ( Impact Evaluation) ,सम्भाव्यता अध्ययन )Feasibility Study) तथा मध्यकालीन समीक्षा )Mid-term review) सम्बन्धी कार्यहरु ।

## ४.१.४. तथ्याङ्क विश्लेषण शाखाको कार्यविवरण

- आयोगलाई आवश्यक पर्ने राष्ट्रिय प्रादेशिक तथा स्थानीय तथा विषयगत तथ्याङ्कहरु सङ्कलन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य
- अनुदान तथा राजस्व बाँडफाँटका तथ्याङ्कीय विश्लेषण तथा सूचकहरु निर्माण सम्बन्धी कार्य
- प्राकृतिक स्रोतको लगानी तथा प्राप्त प्रतिफलको वितरणको लागी आवश्यक पर्ने बिभिन्न तथ्याङ्कहरू सङ्कलन, विश्लेषण र व्यवस्थित सम्बन्धी कार्य
- प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टि बाँडफाँटका लागि आवश्यक पर्ने बिभिन्न तथ्याङ्कहरू सङ्कलन, बाँडफाँटका, व्यवस्थित तथा सूचक निर्माण सम्बन्धी कार्य
- केन्द्रीय तथ्याङ्क विभाग लगायतका तथ्याङ्क सम्बन्धी कार्य गर्ने निकायसँग समन्वय सम्बन्धी कार्यहरु
- आयोगको कामको निमित्त प्रदेश तथा स्थानीय तहको तथ्याङ्क सङ्कलन विश्लेषण व्यवस्थित गर्ने सम्बन्धीको क्षमता विकास सम्बन्धी कार्यहरु
- आयोगको कामको निमित्त प्रदेश तथा स्थानीय तहको तथ्याङ्क आधार तयार गर्न क्षमता विकास सम्बन्धी कार्य
- आयोगको कामको निमित्त प्रदेश तथा स्थानीय तहको तथ्याङ्क आधार तयार गर्न सुझावहरु सम्बन्धी कार्य
- तथ्याङ्कको गुणस्तर मापन सम्बन्धी कार्य
- विभिन्न स्रोतवाट प्राप्त तथ्याङ्कको एकरुपता एकिन गर्न परीक्षण सम्बन्धी कार्य
- शाखाको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने
- शाखाको प्रगति प्रतिवेदन तयार गर्ने

## ४.१.५. कानून शाखाको कार्यविवरण

- प्राकृतिक स्रोत साधनको बाँडफाँट सम्बन्धी विषयमा कानूनी राय तथा परामर्श सम्बन्धी कार्य

- विभिन्न अदालतहरुमा परेका रिट, पुनरावेदनसँग सम्बन्धित कार्य
- आयोगको बिरूद्दमा परेका मुद्दा मामिलाहरूमा प्रतिरक्षा गर्ने कार्य
- आयोगका महाशाखाहरुबाट माग भए बमोजिम कानूनी राय उपलव्ध गराउने सम्बन्धी कार्य
- विभिन्न मन्त्रालयवाट रायको लागि प्राप्त कानुनी प्रश्नमा राय प्रतिक्रिया पठाउने सम्वन्धी कार्य
- अदालत तथा अन्य न्यायिक निकायवाट भएका फैसलाहरुमा कार्यान्वयन सम्बन्धी कार्य
- आयोगवाट भएका र मन्त्रालयसँग सम्बन्धित नीतिगत निर्णय र परिपत्रहरुको सङ्कलन तथा प्रकाशन सम्वन्धी कार्य
- राजपत्रमा सूचना प्रकाशन सम्बन्धी कार्य।

## ४.१.६. आर्थिक प्रशासन शाखाको कार्यविवरण

- आयोगको लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य।
- विनियोजन,राजश्व,धरौटी सम्बन्धी प्राप्त बिल, भरपाई तथा सम्बन्धित अन्य कागजातहरुको जाँच सम्बन्धी कार्य।
- आयोगको लागि निकासा माग गर्न सम्बन्धी कागजात तयार गर्ने कार्य।
- राजश्व,धरौटीको लेखा तथा श्रेस्ताहरू तयार गरी अभिलेख राख्ने कार्य।
- प्राप्त अख्तियारी एवम् निकासा बमोजिम विनियोजन खर्चको श्रेस्ता तयार गरी अभिलेख राख्ने कार्य।
- आन्तरिक तथा अन्तिम लेखा परीक्षण सम्बन्धी कार्य।
- आर्थिक प्रशासनसँग सम्बन्धित विषयहरूमा शाखा / महाशाखा प्रमुखलाई राय का सम्बन्धी कार्य.
- बेरुजुको लगत राख्ने र बेरुजु फछ्र्यौट गर्न प्रमाण जुटाई पेश गर्ने कार्य।
- मासिक तथा वार्षिक प्रतिवेदनहरू तयार गर्ने एवम् वार्षिक आर्थिक विवरण तयार गर्ने कार्य।

## ४.२. वित्तीय व्यवस्थापन महाशाखाको कार्यविवरण

- अनुसन्धान र प्राप्त तथ्याङ्कको आधारमा संघ र प्रदेश सरकारको बजेट सम्बन्धी विश्लेषण गरी संघीय राजस्ववाट संघीय सरकार ,प्रदेश सरकार र स्थानीय सरकारको बीचमा हुने राजस्व बाडँफाँटको लम्ववत हिस्सा (Vertical Share) निर्धारणसँग सम्बन्धित कार्यमा सिफारिस गर्न सहयोग गर्ने।
- सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने बिस्तृत आधार तयार गरी सम्बन्धित सदस्य मार्फत आयोगमा पेश गर्ने.
- प्रदेश सरकार र स्थानीय सरकारको बीचमा हुने राजस्व बाडँफाँटको लम्ववत हिस्सा (Vertical Share) निर्धारणसँग सम्बन्धित कार्यमा सिफारिस गर्न सहयोग गर्ने।
- सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने बिस्तृत ढाँचा निर्धारण गरी सम्बन्धित सदस्य मार्फत आयोगमा पेश गर्ने।
- प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने बिस्तृत ढाँचा निर्धारण गर्न सहयोग गर्ने।

- प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने आधार तयार गर्न सहयोग गर्ने.
- संघ, प्रदेश र स्थानीय सरकारको राजस्व असुलीमा गर्नु पर्ने सुधारका उपायहरुको अध्ययन गरी सिफारिस गर्न आयोगलाई मद्दत गर्ने।
- संघ र प्रदेश सरकारको राजस्व बाँडफाँटको आधारहरुको पुनरावलोकन गरी थप परिमार्जनका लागि नेपाल सरकारलाई सिफारिस गर्न आयोगलाई मद्दत गर्ने।
- तीनै तहका सरकारहरु बीचमा राजस्व बाँडफाँट सम्बन्धमा उत्पन्न विवाद समाधान गर्न उपयुक्त उपायहरु सिफारिस गर्न आयोगलाई मद्दत गर्ने।
- प्रदेश तथा स्थानीय तहहरूलाई गरिने राजस्वको बाडँफाँटको नीति र वितरणको आधार तयार गर्न सहयोग पुर्‍याउने।
- स्थानीय तहहरूलाई गरिने राजस्वको बाडँफाँटको नीति र वितरणको आधार तयार गरी सम्बन्धित सदस्य मार्फत आयोगमा पेश गर्ने.
- स्थानीय तहले लिने ऋण सम्बन्धी नीति तथा आधार तयार गरी सम्बन्धित सदस्य मार्फत आयोगमा पेश गर्ने.
- राजस्वको बाँडफाँट सम्वन्धमा संघ, प्रदेश र स्थानीय तहहरूमा आयोगको सम्बन्ध।
- सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया।

## ४.२.१. राजस्व बाँडफाँट शाखाको कार्यविवरण

- प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँटको विस्तृत आधार ढाँचा निर्धारण सम्बन्धी कार्यहरु
- प्रदेश सरकाबाट गरिएको राजस्व वाँडफाँटको स्थिति विवरण तयार सम्बन्धी कार्य
- राजस्व बाँडफाँट र राजस्व सुधार सम्बन्धमा सम्पर्क विन्दुको रुपमा रही कार्य गर्ने
- संघ र प्रदेश सरकारको राजस्वको बाँडफाँटको आधारको पुनरावलोकन तथा परिमार्जन सम्बन्धी कार्यहरु
- प्रदेश तथा स्थानीय तहको राजस्व सुधार सम्बन्धी कार्यहरु
- संघ , प्रदेश तथा स्थानीय तहको आर्थिक ऐनको विश्लेषण सम्बन्धी कार्यहरु
- राजस्व तथा राजस्व सुधार सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबाट सुझाव वा प्राविधिक सहयोग माग गरिएमा यसको सम्पर्क विन्दुको रुपमा रही कार्य गर्ने
- संघ , प्रदेश तथा स्थानीय तहको राजस्व मापदण्ड सम्बन्धी कार्यहरु
- राजस्व र राजस्व वाँडफाँट समबन्धमा आयोग र सरकारका बिभिन्न तहबीचको सह-कार्य र समन्वय सम्बन्धी कार्यहरु
- राजस्व बाँडफाँट सम्बन्धमा सरकारका तहबीच विवाद उत्पन्न भएमा यसको विश्लेषण गरी निरुपणका उपायहरु पहिल्याउने कार्यहरु
- राजस्व सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासको अनुसन्धान सम्बन्धी कार्यहरु
- राजस्व र राजस्व वाँडफाँट सम्बन्धी अन्य कार्यहरु

## ४.२.२. वित्तीय हस्तान्तरण तथा आन्तरिक ऋण व्यवस्थापन शाखाको कार्यविवरण

- संघीय संचित कोषवाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानका विषयमा अध्ययन, अनुसन्धान गर्ने,
- प्रदेश संचित कोषवाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानका विषयमा अध्ययन, अनुसन्धान गर्ने,
- प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्वन्धमा अध्ययन, अनुसन्धान गरी आधार तयार गर्ने,
- संघ र प्रदेशवाट हस्तान्तरण भएको वित्तीय समानीकरणको अनुदानको सदुपयोगको मापदण्ड तयार गर्ने,
- तल्लो तहका सरकारहरुको खर्चको आवश्यकता एकिन गर्न अध्ययन गर्ने, गराउने,
- संघ र प्रदेशवाट हस्तान्तरण भएको अनुदानको उपयोगमा उत्पन्न विवादहरुको समाधानका लागि सुझाव तयार गर्ने,
- समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गरी आतरकि ऋणको सीमा निर्धारणका लागि अध्ययन अनुसन्धान गर्ने,
- संघ, प्रदेश र स्थानीय सरकारले ऋण परिचालन गर्दा अवलम्वन गर्नु पर्ने उपायहरु तयार गर्ने,
- ऋण तथा लगानी परिचालन सम्वन्धमा उत्पन्न विवाद समाधानका उपायहरु तयार गर्ने,
- आन्तरिक ऋण व्यवस्थापनमा लिनु पर्ने उपयुक्त नीतिहरुको अध्ययन गर्ने,
- आन्तरिक ऋणको उपयोग सम्वन्धमा तीनै तहका सरकारलाई सुझाव दिने आधार तयार गर्ने,
- ऋण तथा लगानीका लागि उपयुक्त माध्यमहरुको अध्ययन अनुसन्धान गरी आधारहरु तयार गर्ने।

## ४.३ प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँट महाशाखाको कार्य विवरण

- तीनै तहका सरकारबाट प्राकृतिक स्रोत साधनवाट प्राप्त हुने विद्युत ,खानी तथा खनिज ,वन ,पर्वतारोहण र पानी तथा अन्य रोयल्टीहरूको उपयोग तथा बाँडफाँटमा न्यायोचित समानता कायम हुने उपायहरु सिफारिस गर्ने।
- प्राकृतिक स्रोत साधनहरूको उपयोग तथा बाँडफाँटमा उत्पन्नविवाद समाधानका उपायहरु सिफारिस गर्ने।
- प्राकृतिक स्रोत साधनको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको आँकलन गरी उपयोगको उपयुक्त आधारहरु सिफारिस गर्ने।
- प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धमा अध्ययन अनुसन्धान गरी स्रोतको बाँडफाँटको उपयुक्त आधारहरु सिफारिस गर्ने।
- प्राकृतिक स्रोतको बाँडफाँट र उपयोग गर्दा वातावरणीय क्षतिको आँकलन गर्न अध्ययन अनुसन्धान गर्ने।
- प्राकृतिक स्रोतको बाँडफाँट र उपयोग गर्दा वातावरणमैत्री उपायहरुको सिफारिस गर्ने।
- आयोगका दैनिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्ने।
- वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्य गर्ने।

## ४.३.१. विद्युत तथा जलस्रोत रोयल्टी शाखाको कार्य विवरण

- तीनै तहका सरकारबाट विद्युत रोयल्टीको उपयोगमा न्यायोचित समानता भए नभएका विषयमा विवरण संकलन गर्ने।
- विद्युत रोयल्टीको उपयोग तथा बाँडफाँटमा न्यायोचित समानता कायम गर्ने विषयमा सुझाव दिने।

- विद्युत रोयल्टीको उपयोग तथा बाँडफाँटमा उत्पन्न विवादहरुको अध्ययन गर्ने।
- विद्युत रोयल्टीको उपयोग तथा बाँडफाँटमा उत्पन्न विवादहरु समाधानका उपायहरु पहिचान गर्ने।
- विद्युत रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको आँकलन तथा बिष्लेशण गर्ने।
- विद्युत रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको उपयोगको उपयुक्तता अध्ययन गर्ने।
- विद्युत रोयल्टीको बाँडफाँट सम्बन्धमा अध्ययन, अनुसन्धान गरी स्रोतको बाँडफाँटको उपयुक्त आधारहरु तयार गर्ने।
- विद्युत रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणीय क्षतिको आँकलन तथा विश्लेषण गर्न विवरण सङ्कलन गर्ने।
- विद्युत रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणमैत्री उपायहरुको सुझाव पेश गर्ने।
- विद्युत रोयल्टीको बाँडफाँट र उपयोग सम्बन्धमा भएको मासिक र वार्षिक प्रगति विवरण तयार गर्ने।
- बहुउद्देश्यीय जलविद्युत आयोजनाको लगानीको हिस्सा तथा प्रतिफल सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।
- जलस्रोतको उपयोग बाट संघ, प्रदेश र स्थानीय तहहरुको समस्टिगत आर्थिक स्थितिमा पर्ने प्रभाव बारे अध्ययन गर्ने।
- संघ प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजनाहरुको लगानीका विकल्पहरु पहिचान गरी सुझाव पेस गर्ने।
- प्राकृतिक श्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने।
- जलश्रोतको उपयोग र बाँडफाँट सम्बन्धमा आयोगको संगठनात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम प्रशिक्षण आदिको आवश्यकता पहिचान गर्ने।
- बिद्युत रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको आँकलनका लागि तथ्याङ्क पेश गर्ने।
- विद्युत रोयल्टीको बाँडफाँट सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने तथा स्रोतको बाँडफाँटको उपयुक्त आधारहरु तयार गर्ने।
- विद्युत रोयल्टीको उपयोगमा उत्पन्न विवादहरुको सम्बन्धमा वस्तुस्तिथि बुझी समाधानका उपायहरु खोजी गर्ने।
- विद्युत रोयल्टीको बाँडफाँट र उपयोग सम्बन्धमा भएको मासिक र वार्षिक प्रगति तयार गरी पेश गर्ने।

## ४.३.२ खानी रोयल्टी तथा खनिज पदार्थ परिचालन शाखाको कार्य विवरण

- तीनै तहका सरकारबाट खानी तथा खनिज रोयल्टीको उपयोग र बाँडफाँटमा न्यायोचित समानता भए नभएका विषयमा विवरण सङ्कलन गरी प्रस्तुत गर्ने
- खानी तथा खनिज रोयल्टीको उपयोगमा न्यायोचित समानता कायम गर्ने विषयमा सुझाव पेश गर्ने।
- खानी तथा खनिज रोयल्टीको उपयोगमा उत्पन्न विवादहरुको अध्ययन गरी विवरण पेश गर्ने
- खानी तथा खनिज रोयल्टीको उपयोगमा उत्पन्न विवादहरु समाधानका उपायहरु पेश गर्ने
- खानी तथा खनिज रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको विश्लेषण गर्ने
- खानी तथा खनिज रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको उपयोगको उपयुक्तता अध्ययन गर्ने
- खानी तथा खनिज रोयल्टीको बाँडफाँट सम्बन्धमा अध्ययन अनुसन्धान गरी स्रोतको बाँडफाँटको उपयुक्त आधारहरु तयार गर्ने

- खानी तथा खनिज रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणीय क्षतिको विश्लेषण गर्न विवरण सङ्कलन गरी प्रस्तुत गर्ने।
- खानी तथा खनिज रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणमैत्री उपायहरुको सुझाव पेश गर्ने।
- खानी तथा खनिज रोयल्टीको बाँडफाँट र उपयोग सम्बन्धमा भएको मासिक र वार्षिक प्रगति पेश गर्ने।

## ४.३.३. वन रोयल्टी तथा वातावरण प्रभाव मूल्याङ्कन शाखाको कार्य विवरण

- वन रोयल्टीको उपयोगमा न्यायोचित समानता कायम गर्ने विषयमा सुझाव पेश गर्ने।
- वन श्रोतको परिचालन, उपयोग तथा रोयल्टी बाँडफाँटमा उत्पन्न विवादहरुको अध्ययन तथा अनुसन्धान गरी विवरण पेश गर्ने।
- वन श्रोतको बाडफाँट सम्वन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरु वीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण सम्बन्धी सुझावहरु सिफारिसको लागि पेश गर्ने।
- वन रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको आँकलन गर्ने।
- वन रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको उपयोगको उपयुक्तता अध्ययन गर्ने।
- वन श्रोत परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिसको लागि पेश गर्ने।
- वन रोयल्टीको बाँडफाँट सम्बन्धमा अध्ययन अनुसन्धान गरी स्रोतको बाँडफाँटको उपयुक्त आधारहरु तयार गर्ने।
- वन रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणीय क्षतिको आँकलन गर्न विवरण सङ्कलन गरी सुझाव पेश गर्ने।
- वन रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणमैत्री उपायहरुको सुझाव पेश गर्ने।
- वन रोयल्टीको बाँडफाँट र उपयोग सम्बन्धमा भएको मासिक र वार्षिक प्रगति पेश गर्ने।
- प्राकतिक श्रोतको बाँडफाँड गर्दा सो संग सम्वन्धीत वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गरी सिफारिस गर्ने।
- वन श्रोतको परिचालनमा तीनै तहको सरकारले गर्ने लगानीको हिस्सा निर्धारणका आधारहरु तयार गरी सिफारिसको लागि पेश गर्ने।
- वन श्रोत परिचालनवाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणका आधारहरु तयार गरी सिफारिसको लागि पेश गर्ने।
- प्रकृतिक श्रोतको संरक्षण र उपयोगका विषयमा अध्ययन गरी नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझावको लागि पेश गर्ने।
- संघ, प्रदेश र स्थानीय तहहरुले प्राकृतिक श्रोतको प्रयोग वा विकासवाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्ने र त्यस्तो लाभको निश्चिच अंश रोयल्टी , सेवा वा वस्तुको रुपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुन बमोजिम वितरण भए नभएको अययन तथा अनुगमन गरी आवश्यक सुझावको लागि पेश गर्ने।

- संघ प्रदेश र स्थानीय तहले प्राकृतिक श्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेका क्षेत्रहरुको अध्ययन गरी लगानीको प्रकृति र आकारको आधारमा कानुन बमोजिमको अंश लगानी गर्न प्रथमिकताको लागि सुझाव पेश गर्ने।
- प्रदेश तथा स्थानीय तहको प्राकृतिक श्रोतको अवस्था, राजस्व उठाउन सक्ने क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा सुधारको लागि सिफारिस गर्ने।
- वन तथा वातावरण ऐन र अन्य प्राकृतिक श्रोत सम्वन्धी ऐन तथा नियमावली अध्ययन गरी वाझिएका विषयहरुलाई एक अर्कोसँग परिपुरक बनाउनको लागि सम्वन्धित मन्त्रालयहरुमा सुझावको लागि पेश गर्ने।
- प्राकृतिक श्रोतको बाँडफाँट गर्दा त्यसले वन तथा वातावरणमा पार्ने प्रभाव सम्बन्धमा सुक्ष्म एवम् बृहत रुपमा वातावरणीय मूल्याङ्कन गर्न सवै किसिमका वन क्षेत्रको अवस्था र सम्भाव्यताको इन्भेन्ट्री तयार गरी वर्गीकरण समेत गरी सिफारिसको लागि सुझाव पेश गर्ने।
- वन श्रोतको संरक्षण, व्यवस्थापन र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले अवलम्वन गर्न उपयुक्त पद्धति सम्वन्धमा सम्वन्धीत सरोकारवाला, विज्ञहरुसग छलफल, हाल सम्म प्रात्त भएका स्थानीय अनुभवहरुको निचोड र अन्तराष्ट्रिय क्षेत्रमा अवलम्वन भएका पद्धतिहरुको समेत विश्लेषण गरी आवश्यक सुझावको लागि पेश गर्ने।
- वन व्यवस्थापनमा संलग्न र वन व्यवस्थापनमा दायित्व ग्रहण गर्ने संस्थागत संरचना अन्तगतका विभिन्न समुदायद्धारा व्यवस्थापन गरिएका वनहरुवाट प्राप्त हुने वन रोयल्टी तथा संरक्षित क्षेत्रवाट प्राप्त रोयल्टी सम्वन्धी विवरण प्रात्त गरी वन क्षेत्रको विकास तथा व्यवस्थापनमा लगानी तथा रोयल्टी वाँडफाँटको लागि सिफारिस गर्न सुझाव पेश गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहको विभाज्य कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच वन रोयल्टी बाँडफाँट गर्ने बिस्तृत ढाँचा निर्धारण गर्न सहयोग गर्ने।
- संघ, प्रदेश र स्थानीय सरकारले वन रोयल्टी सङ्कलन सम्वन्धी गर्नु पर्ने सुधारका उपायहरुको अध्ययन गरी सिफारिस लागि पेश गर्ने।
- संघ र प्रदेश सरकारको वन रोयल्टी बाँडफाँटको आधारहरुको पुनरावलोकन गरी थप परिमार्जनका लागि नेपाल सरकारलाई सिफारिस गर्न आयोग समक्ष पेश गर्ने।
- वन श्रोत सम्बन्धी विविध पक्षको अध्ययन तथा अनुसन्धान गरी त्यसवाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा केन्द्र सरकार र प्रदेश सरकारको वन क्षेत्रवाट प्रात बजेट विश्लेषण गरी संघीय विभाज्य कोष संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बीचमा हुने बाँडफाँटको हिस्सा निर्धारणसँग सम्बन्धित कार्यमा सिफारिस गर्न सहयोग गर्ने।
- प्रदेश तथा स्थानीय तहहरूलाई गरिने वन रोयल्टी बाँडफाँटको नीति र वितरणको आधार तयार गर्न सुझावको लागि पेश गर्ने।
- वन क्षेत्रको उत्पादन र उत्पादकत्व भौगोलिक (तराई, भावर, चुरे, पहाड, हिमाल तथा उच्च पहाडी र हिमाली खर्क समेत) क्षेत्र, हावापानी, र व्यवस्थापनको जिम्मेवारी (सरकार, समूदाय, निजी क्षेत्र एवं संस्थाहरु) जस्ता पक्षहरु समेतको वर्गिकरण अनुसार अध्ययन तथा अनुसन्धान गरी तीनै तहका सरकारलाई प्राप्त हुन सक्ने राजश्व एवम् रोयल्टी एकिन गरी राष्टिय अर्थतन्त्रमा वन क्षेत्रको योगदान र उपयोगको तथ्यगत खाका तयार गरी तीनै तहमा समन्यायीक वाँडफाँट गर्ने सम्वन्धी सुझावको लागि आयोगमा पेश गर्ने।

- नेपालका रैथाने एवं विश्व संरक्षण सूचीमा सूचीकृत भएका लोप हुन लागेका र लोपन्मुख वन्यजन्तु तथा वनस्पतीहरु एवं वन क्षेत्रमा रहेका ऐतिहासिक एव प्राकृतिक सम्पदा र जैविक विविधताको अध्ययन तथा अनुसन्धान गरी त्यस्ता अमूल्य सम्पदा संरक्षण तथा व्यवस्थापनको लागि वजेटको विशेष व्यवस्था सम्वन्धी सिफारिसको लागि सुझाव पेश गर्ने।
- प्राकृतिक रुपमा प्राप्त हुने आर्थिक, वातावरणीय एवम् औषधीय रुपमा महत्वपूर्ण गैरकाष्ठ वन पैदवार प्रयाप्त पाईने प्रदेश तथा स्थानीय तहहरुको अधयन अनुसन्धानको माध्यमवाट Inventory तयार गरी वढी सम्भाव्य क्षेत्रहरु र उत्पादन हुने वस्तुहरु एकिन गरी लगानी गर्न र त्यस्ता गैहृकाष्ठ तथा जडिवुटीहरुको अन्य व्यक्तिगत, सामुदायिक एवम् संस्थागत क्षेत्रमा प्रसारण तथा विकासको लागि सिफारिस गर्न पेश गर्ने।
- यस आयोगवाट वन तथा वातावरण सम्वन्धी पर्ने विविध विषयमा अध्ययन अनुसन्धानका कार्यक्रम सञ्चालन गर्न प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ को २२ र २३ वमोजिम आवश्यकता नियम, निर्देशिका र मापदण्ड बनाई स्वीकृतको लागि पेश गर्ने।
- आयोगवाट सम्पादन गर्नु पर्ने कुनै पनि कार्यमा आवश्यक सहयोग गर्ने।

### ४.३.४. पर्वतारोहण रोयल्टी तथा पर्यटन शाखाको कार्य विवरण

- तीनै तहका सरकारबाट पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूवाट प्राप्त हुन सक्ने रोयल्टी उपयोग र बाँडफाँटमा न्यायोचित समानता कायम भए नभएका विषयमा विवरण सङ्कलन गर्ने।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको अभिलेख दुरुस्त राख्ने।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको उपयोगमा उत्पन्न विवादहरु समाधानका उपायहरु सङ्कलन।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको उपयोग गर्दा प्राप्त हुने प्रतिफलको आँकलन गर्न तथ्याङ्क सङ्कलन।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको उपयोग गर्दा प्राप्त हुन सक्ने प्रतिफलको उपयोगको विवरण सङ्कलन।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको बाँडफाँट सम्बन्धमा भएको विवरण सङ्कलन।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणीय क्षतिको विवरण सङ्कलन गरी सुझाव पेश गर्ने।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको बाँडफाँट र उपयोग गर्दा वातावरणमैत्री उपायहरुको अवलम्वन भए नभएको अनुगमन गर्ने।
- पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोत साधनहरूको रोयल्टीको बाँडफाँट र उपयोग सम्बन्धमा भएको मासिक र वार्षिक प्रगति पेश गर्ने।

## ५. आयोगबाट प्रदान गरिने सेवा

नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा र प्रदेश सरकारबाट स्थानीय तहहरुमा प्रदान गरिने वित्तीय हस्तान्तरण सम्बन्धी सिफारिस

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेबार अधिकारी

आयोग

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दस्तुर - नलाग्ने

अवधि - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तोकेको समयावधि

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

**क. प्रक्रिया**

छलफल, तथ्याङ्क विश्लेषण तथा ढाँचा तर्जुमा

**ख. निर्णय गर्ने अधिकारी**

आयोग

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

आयोग

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| क्र.स. | शीर्षक | कूल अख्तियारी रकम (रु.मा) | खर्च रकम (रु.मा) | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ९,८२,२९,४४८ | ६,९८,८२,१९५.२९ | ७१.१४% |
| २ | पुजीगत खर्च | ८७,५०,००० | ८०,८९,४९१ | ९२.४५% |
| | जम्मा | १०,६९,७९,४४८ | ७,७९,७१,६८६.२९ | ७२.८९% |

## ११. सम्पादन गरेको कामको विवरण

आयोगबाट भएका कामकारवाहीको विवरण देहायको तालिकामा उल्लेख गरे अनुसार रहेको छ।

# आयोगको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको हालसम्मको प्रगति

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| १ | आयोगका कर्मचारीको क्षमता विकास तालिम तथा गोष्ठी | संख्या | १ | प्रशासन शाखा | कार्यस्थलमा हुने लैङ्गिक हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम FORUM FOR WOMEN AND DEVELOPMENT का कार्यकारी निर्देशक श्री सविन श्रेष्ठज्यूबाट प्रस्तुतीकरण गरी संचालन गरिएको। |
| २ | Data Analysis, ICT तथा Software Management आदि सम्बन्धि तालिम | पटक | २ | प्रशासन शाखा | आयोगमा कार्यरत कर्मचारीहरुलाई मिति २०८३/०३/१५ देखि असार २२ गतेसम्म STATA, GIOMS, AI सम्बन्धी तालिम प्रदान गरिएको। - |
| ३ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय संघीयता सम्बन्धमा प्रवर्धनात्मक कार्यक्रम | पटक | १ | प्रशासन शाखा | आयोग र नेपाल टेलिभिजनबीच सम्झौता भई वित्तीय सङ्घीयता सम्बन्धमा ३ वटा कार्यक्रम निर्माण एवं प्रसारण सम्पन्न भएको। |
| ४ | विभिन्न सरोकारवाला व्यक्ति/निकायसंग आयोगको भूमिका तथा काम कारवाही सम्बन्धमा वृहत अन्तरक्रिया कार्यक्रम | पटक | ६ | योजना अनुगमन तथा कार्यक्रम शाखा | रौतहट जिल्लाको कटहरिया नगरपालिका र गुजरा नगरपालिका, भोजपुर जिल्लाको षडानन्द नगरपालिका र पौवादुङमा गाँउपालिका, नवलपरासी जिल्ला (वर्दाघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिका र सुस्ता गाँउपालिकामा गरी ६ वटा कार्यक्रम संचालन भएको। |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| ५ | आयोगको कार्यसञ्चालन निर्देशिका/कार्यविधि तर्जुमा, जानकारी पुस्तिका प्रकाशन एवम् छपाई | संख्या | १ | कानून शाखा | आयोगको जर्नल (वित्तीय सङ्घीयता दर्पण-२०८२) छपाई तथा प्रकाशन गरिएको। - |
| ६ | आयोगबाट सञ्चालित वित्तीय हस्तान्तरण, रोयल्टी बाँडफाँट तथा कार्यसम्पादन सूचक सम्बन्धस् सफ्टवेर, पोर्टल र वेभसाइटको AMC | संख्या | १ | प्रशासन शाखा, अनुसन्धान तथा नीति विश्लेषण शाखा | कार्यसम्पादन सूचक सम्बन्धी सफ्ट्वेयर अपडेट तथा AMC सम्बन्धी कार्यको TOR र लागत अनुमान स्वीकृत भई परामर्श सेवा खरिदको प्रकृयामा रहेको। |
| ७ | सम्माननीय राष्ट्रपति समक्ष आयोगको वार्षिक प्रतिवेदन बुझाउने | संख्या | १ | योजना, अनुगमन तथा कार्यक्रम शाखा | आयोगको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष र प्रदेशगत सातौं वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश भएको। |
| ८ | आयोगको बार्षिक उत्सव मनाउने | संख्या | १ | प्रशासन शाखा | आयोगको वार्षिक उत्सवको सुःअवसरमा "वित्तीय सङ्घीयता दर्पण" २०८२ प्रकाश गरी मिति २०८२/०९/०६ मा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालज्यूको प्रमुख आतिथ्यतामा विमोचन गरिएको। |
| ९ | संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको आधार र ढाँचा सम्बन्धमा केन्द्रियस्तरमा छलफल अन्तरक्रिया गर्ने। | संख्या | ३ | वित्तीय हस्तान्तरण तता आन्तरिक ऋण व्यवस्थापन शाखा | वित्तीय समानीकरण अनुदानको आधार र ढाँचा सम्बन्धमा आयोगमा छलफल/अन्तरक्रिया १ पटक सम्पन्न भएको । |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| | | | | | |
| १० | प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण सम्बन्धी अन्तरक्रिया | संख्या | २ | वित्तीय हस्तान्तरण तथा आन्तरिक ऋण व्यवस्थापन शाखा | प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण सम्बन्धमा आयोगमा, सुर्खेतमा र धनगढीमा ३ वटा अन्तरक्रिया कार्यक्रम सम्मन्न गरिएको। |
| ११ | आयोगको सिफारिस तयारी सम्बन्धी कार्यक्रम | पटक | ६ | वित्तीय व्यवस्थापन महाशाखा/प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँट महाशाखा | सिफारिसको लागि विभिन्न समयमा ६ पटक छलफल कार्यक्रम भएको साथै प्राकृतिक स्रोत (पर्वतारोहण, जलविद्युत, खानी तथा खनिज, वन र दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी) बाट प्राप्त रोयल्टी बाँडफाँड अन्तर्गत आर्थिक वर्ष २०८२/८३ को थप रोयल्टी सिफारिस ८२ मंसिर महिनामा र आर्थिक वर्ष २०८३/८४ का लागि मिति २०८३ जेठ १३ र २९ गते गरी ३ पटक सिफारिस गरिएको। |
| १२ | Digital Inventory of Natural Resources प्रणालीको नियमित वार्षिक अद्यावधिक र मर्मत | पटक | २ | वन रोयल्टी तथा वातावरण प्रभाव मूल्याङ्कन शाखा | Digital Inventory of Natural Resources प्रणालीको नियमित वार्षिक अद्यावधिक र मर्मत सम्पन्न। |
| १३ | प्राकृतिक स्रोतको बाँडफाँटसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन र अन्तर्क्रिया | पटक | १ | वन रोयल्टी तथा वातावरण प्रभाव मूल्याङ्कन शाखा | अवधारणापत्र तयार गरिएको। |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| १४ | विद्युत तथा जलस्रोतको परिचालन, उपयोग,संरक्षण, प्रभाव, विवाद लगायतका सम्बन्धमा सम्बन्धित सरोकारवालासँग छलफल, अन्तरक्रिया कार्यक्रम | पटक | १ | बिद्युत तथा जलस्रोत रोयल्टी शाखा | विद्युत तथा जलस्रोतको परिचालन, उपयोग,संरक्षण, प्रभाव, विवाद लगायतका सम्बन्धमा ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको साथै, तामाकोशी जलविद्युत आयोजना, भोटेकोशी जलविद्युत आयोजना, मध्य भोटेकोशी जलविद्युत आयोजना र नेपाल म्याग्नेसाइट खानी क्षेत्रको स्थलगत अवलोकन तथा अनुगमन गरिएको । |
| १५ | प्राकृतिक स्रोतमा तीन तहका सरकारको लगानी र प्रतिफलको हिस्सा निर्धारण सम्बन्धमा अध्ययन | पटक | १ | पर्वतारोहण रोयल्टी तथा पर्यटन शाखा | कार्यक्षेत्रगत शर्त तथा पूर्वतयारी सम्बन्धमा आयोगका पदाधिकारी समक्ष पटकपटक छलफल गरिएको। |
| १६ | प्राकृतिक स्रोतको परिचालन तथा रोयल्टी बाँडफाँट सम्बन्धमा सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया। | पटक | २ | खानी रोयल्टी तथा खनिज पदार्थ परिचालन शाखा | खानी तथा खनिज पदार्थको रोयल्टी बाँडफाँड, प्रभाव लगायतका विषयमा धादिङको बेनिघाट रोराङ गाउँपालिका र पाल्पाको निस्दी गाउँपालिकामा गरी २ वटा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको । |
| १७ | प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा सिफारिस कार्यलाई थप व्यवस्थित बनाउन रोयल्टी प्राप्त परियोजनाहरूको परियोजनागत लगत तयारी । | पटक | १ | खानी रोयल्टी तथा खनिज पदार्थ परिचालन शाखा | महाशाखा प्रमखज्यूको उपस्थितिमा विषयविज्ञबाट २ चरणमा प्रस्तुतीकरण गरिएको। |
| १८ | खानी तथा खनिज पदार्थको परिचालन, उपयोग, संरक्षण, प्रभाव, विवाद लगायतका सम्बन्धमा सम्बन्धित सरोकारवालासँग छलफल, अन्तरक्रिया | वटा | १ | खानी रोयल्टी तथा खनिज पदार्थ परिचालन शाखा | खानी तथा खनिज पदार्थको परिचालन, उपयोग, संरक्षण, प्रभाव, विवाद लगायतका सम्बन्धमा दाङको बंगलाचुली गाउँपालिकामा छलफल, |

| क.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | अन्तरक्रिया कार्यक्रम गरिएको । |
| १९ | प्राकृतिक स्रोतको परिचालनमा देखिएको तथा आईपर्ने सम्भावित विवादको स्थलगत अध्ययन तथा अनुगमन र अन्तरक्रिया | पटक | ४ | विद्युत तथा जलस्रोत रोयल्टी शाखा, पर्वतारोहण रोयल्टी तथा पर्यटन शाखा, खानी रोयल्टी तथा खनिज पदार्थ परिचालन शाखा, वन रोयल्टी तथा वातावरण प्रभाव मूल्याङ्कन शाखा | विद्युततर्फको रोयल्टी बाँडफाँड, प्रभाव, विवाद लगायतका विषयमा मकवानपुरको कुलेखानी जलविद्युत आयोजना, सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका र रसुवाको आमाछोदिङ्मो गाउँपालिकामा गरी ३ वटा छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको । |
| २० | कार्यसम्पादन सूचकको विवरण अनलाईन पोर्टलमा प्रविष्ट गर्ने सम्बन्धी प्रदेश र स्थानीय तहका कर्मचारीलाई अभिमुखिकरण कार्यक्रम | पटक | १ | अनुसन्धान तथा नीति विश्लेषण शाखा | कार्यसम्पादन सूचकको विवरण अनलाईन पोर्टलबारेमा प्रविष्ट गर्ने सम्बन्धमा कैलाली र कञ्चनपुर जिल्लाका स्थानीतह साथै सुदुरपश्चिम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना प्रविधि अधिकृतहरुलाई सहभागी गराई अभिमुखिकरण प्रदान गरिएको। |
| २१ | शोध अनुसन्धान सहयोग कार्यक्रम ( विद्यावारीधी तह) | जना | २ | अनुसन्धान तथा नीति विश्लेषण शाखा | त्रि.वि. बाट २ जना शोधार्थी महेन्द्र सिंह थापा र सुजन नेपालले शोध अनुसन्धान कार्य सम्पन्न गरी सम्झौता बमोजिमको रकम भुक्तानी भएको। |
| २२ | शोध अनुसन्धान सहयोग कार्यक्रम ( स्नातकोत्तर तह) | जना | २ | अनुसन्धान तथा नीति विश्लेषण शाखा | विद्यार्थी छनौट गरी पठाउन काठमाडौं विश्व विद्यालय र त्रिभुवन विश्व विद्यालयमा पत्राचार गरिएको विश्व विद्यालयबाट विद्यार्थी छनौट भई नआएकोले कार्यक्रम सञ्चालन हुन नसकेको। |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| २३ | कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन सम्बन्धी कार्यक्रम | पटक | १ | अनुसन्धान तथा नीति विश्लेषण शाखा | प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन सूचक परिमार्जन गरी प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि २०८३ स्वीकृत भएको। |
| २४ | आयोगबाट हुने सिफारिस र प्रतिवेदनमा प्रयोग गरिने तथ्याङ्कहरुको प्रमाणीकरण | पटक | १ | तथ्याङ्क विश्लेषण शाखा | कैलालीको चुरे गाँउपालिका र कंचनपुरको कृष्णपुरमा कार्यक्रम सम्पन्न भएको । |
| २५ | सवारी साधन कर बाँडफाँट सम्बन्धी प्रदेश र स्थानीय स्तरमा छलफल र अन्तर्क्रिया | पटक | १ | राजस्व बाँडफाँट शाखा | सवारी साधन कर बाँडफाँट सम्बन्धमा आयोगमा, कोशी प्रदेशको विराटनगरमा र मधेश प्रदेशको जनकपुरमा छलफल/अन्तरक्रिया भएको । |
| २६ | वित्तीय समानीकरण अनुदान सिफारिसका आधार र ढाँचा सम्बन्धमा प्रदेश/स्थानीय तहमा छलफल/अन्तर्क्रिया गर्ने | पटक | १ | वित्तीय हस्तान्तरण तथा आन्तरिक ऋण व्यवस्थापन शाखा | बासगढी नगरपालिका बर्दियामा अन्तरक्रिया र छलफल कार्यक्रम भएको |
| २७ | वित्तीय संघीयता तथा प्राकृतिक स्रोत परिचालनका विषयमा नियमित अनुगमन एवं मूल्याङ्कन | महिना | १२ | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | वित्तीय संघीयता तथा प्राकृतिक स्रोत परिचालनका विषयमा अनुगमन एवं मूल्याङ्कन कार्य निरन्तर रुपमा भैरहेको। |
| २८ | वित्तीय हस्तान्तरण व्यवस्थापन सूचना प्रणाली सफ्ट्वेयरलाई अद्यावधिक गर्ने | पटक | १ | राजस्व बाँडफाँट शाखा | सफ्टवेयर प्रयोगमा नआएको। |

| क.सं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | संख्या | जिम्मेवार शाखा | कार्यक्रमको प्रगति |
|---|---|---|---|---|---|
| २९ | खर्चको आवश्यकता र राजस्वको क्षमता Fiscal Gap सम्बन्धी अध्ययन तथा अन्तर्क्रिया एवम् पूनरावलोकन | पटक | १ | राजस्व बाँडफाँट शाखा | कार्यक्षेत्रगत शर्त (ToR) तयार गरी स्वीकृतीको लागि पेश भएको । |

## १२.प्रवक्ता

सहसचिव श्री सुकदेव प्रसाद बाँस्कोटा

नीति विश्लेषण तथा व्यवस्थापन महशाखा

सम्पर्क नं. ४२००२७२/ मोबाईल फोन नं. ९८५१४०७४९७

## १३. सूचना अधिकारी

उपसचिव श्री वासुदेव रेग्मी

सम्पर्क नं. ४२००६६३/मोबाईल फोन नं. ९८५१४०७४९६

## १४.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

आयोगको कार्य सञ्चालनमा प्रयोग हुने ऐन, नियम, विनियम तथा निर्देशिकाहरु यसप्रकार छन्।

- नेपालको संविधान
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
- सङ्घ, प्रदेश र स्थानीय तह(अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी एवम् कर्मचारीहरुको आचार संहिता, २०७६
- प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८

## १५.आयोगका पदाधिकारीहरूको नामावली

माननीय कार्यवाहक अध्यक्ष, श्री विपिन राज निरौला

## १६.आयोगमा कार्यरत कर्मचारीको नामावली

आयोगमा कार्यरत कर्मचारीको नामावली देहायबमोजिम रहेको छ।

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| 1. | श्री दिनेश कुमार घिमिरे | सचिव | |
| 2. | श्री नीता शर्मा | सहसचिव | |
| 3. | श्री सुकदेव प्रसाद बाँस्कोटा | सहसचिव | |
| 4. | श्री राम कुमार श्रेष्ठ | सहसचिव (प्रा.) | |
| 5. | श्री बासुदेव रेग्मी | उपसचिव | |
| 6. | श्री उदय बहादुर पराजुली | उपसचिव | |
| 7. | श्री तिलक बहादुर खड्का | उपसचिव (राजश्व) | |
| 8. | श्री रुकु शर्मा पौडेल | उपसचिव | |
| 9. | श्री अवध किशोर प्रसाद कुशवाहा | उपसचिव(कानुन) | |
| 10. | श्री गौरी जोशी | बरिष्ठ तथ्याङ्क अधिकृत | |
| 11. | श्री पवित्रा खनाल | उपसचिव | |
| 12. | श्री शंकर बहादुर साउद | सि.डि.ई. | |
| 13. | श्री कमल कान्त पौडेल | बरिष्ठ अर्थशास्त्री | |
| 14. | श्री राजन कुमार रेग्मी | शाखा अधिकृत(राजस्व) | |
| 15. | श्री प्रमिला भण्डारी | शाखा अधिकृत | |
| 16. | श्री शोभा अधिकारी | शाखा अधिकृत | |
| 17. | श्री जीवन बहादुर आले मगर | शाखा अधिकृत | |
| 18. | श्री शर्मिला लामिछाने | शाखा अधिकृत | |
| 19. | श्री सावित्री पन्त | शाखा अधिकृत | |
| 20. | श्री ममता कुमारी ओझा | शाखा अधिकृत | |
| 21. | श्री निर्मल कुमार मैनाली | शाखा अधिकृत(राजस्व) | |
| 22. | श्री गोविन्द प्रसाद भण्डारी | शाखा अधिकृत | |
| 23. | श्री प्रमोद सिंखडा | जियोलोजिस्ट | |
| 24. | श्री गंगा पाण्डेय | शाखा अधिकृत | |
| 25. | श्री आशिष थापा | कम्प्युटर इन्जिनियर | |

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| 26. | श्री सिता गुरुङ | शाखा अधिकृत | |
| 27. | श्री बिन्दु ढकाल | तथ्याङ्क अधिकृत | |
| 28. | श्री विपुल भुसाल | लेखा अधिकृत | |
| 29. | श्री बीरेन्द्र अधिकारी | नायव सुब्बा | |
| 30. | श्री समीर खाण | लेखापाल | |
| 31. | श्री सविता राई | कम्प्युटर अपरेटर | |
| 32. | श्री गीता चपाई | नायब सुब्बा | |
| 33. | श्री सामना सुवेदी | नायव सुब्बा | |
| 34. | श्री जमुना कुईंकेल | कम्प्युटर अपरेटर | |
| 35. | श्री रमा गोतामे | कम्प्युटर अपरेटर | |
| 36. | श्री सुरेश चौधरी | कम्प्युटर अपरेटर | |
| 37. | श्री राधा लामा | कम्प्युटर अपरेटर | |
| 38. | श्री यामप्रकाश सापकोटा | नायब सुब्बा | |
| 39. | श्री साधना पोखरेल | नायब सुब्बा | |
| 40. | श्री सविता रावत | नायब सुब्बा | |
| 41. | श्री सरस्वती पोखरेल | नायब सुब्बा | |
| 42. | श्री विमल प्रसाद आचार्य | हलुका सवारी चालक | |
| 43. | श्री राजु थापा मगर | हलुका सवारी चालक | |
| 44. | श्री राजु महर्जन | हलुका सवारी चालक | |
| 45. | श्री सरोज खत्री | हलुका सवारी चालक | |
| 46. | श्री केदार थापा | हलुका सवारी चालक | |
| 47. | श्री सनम राजभण्डारी | हलुका सवारी चालक | |
| 48. | श्री जीवन कुमार राई | हलुका सवारी चालक | |
| 49. | श्री राजु मानन्धर | हलुका सवारी चालक | |
| 50. | श्री नमिता अर्याल | कार्यालय सहयोगी | |

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| 51. | श्री अनुजा गैरे भट्टराई | कार्यालय सहयोगी | |
| 52. | श्री राजेन्द्र ढुंगेल | कार्यालय सहयोगी | |
| 53. | श्री दुर्गादास श्रेष्ठ | कार्यालय सहयोगी, | |
| 54. | श्री धनेश्वर पोखरेल | कार्यालय सहयोगी | |
| 55. | श्री दुर्गा चौधरी | कार्यालय सहयोगी | |
| 56. | श्री रमा घिमिरे | कार्यालय सहयोगी | |
| 57. | श्री नवराज धमला | कार्यालय सहयोगी | |
| 58. | श्री हरि चन्द्र गिरी | कार्यालय सहयोगी | |
| 59. | श्री कमला तिवारी | कार्यालय सहयोगी | |
| 60. | श्री प्रमिला उप्रेती | कार्यालय सहयोगी | |

## १७. आयोगको ठेगाना

सिंहदरबार, काठमाडौं।

## १८.आयोगको सम्पर्क नं

फोन नं - ४२००५९२

फ्याक्स नं -४२००५९३

## १९. आयोगको वेवसाइट

www.nnrfc.gov.np

## २०. आयोगको इमेल

info@nnrfc.gov.np